*आन्तरीक लेखापरीक्षण प्रतिवेदन*

*लेखापरीक्षण गरेको निकाय : पोखरा महानगरपालिका कोष खाता, पोखरा ।*

**आ.ले.प प्रतिवेदनको अवधि : २०७८ माघ १ देखी २०७८ चैत्र मसान्त सम्म । (तेस्रो त्रैमासिक अवधि)**

| अख्तियारी प्राप्त अधिकारी को नाम | अवधि | लेखा राख्ने अधिकारीको नाम |
|---|---|---|
| श्री बलराम रिज्याल (प्र.प्र.अ.) | | श्री जयराम पौडेल (प्रमुख लेखा नियन्त्रक) |

**भुमिका :**

स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ७७ को उपदफा (२) ले गरेको व्यबस्था बमोजिम सार्वजनिक खरीद ऐन एवं नियम र लेखापरीक्षणका मान्य सिद्धान्त एवं प्रचलन समेतको आधारमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ को उपदफा १ वमोजिम नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्यदक्षता समेतलाई आधार मानी चालु आ.ब उल्लेखित अवधिको आर्थिक कारोवारको प्राप्त खाता, श्रेस्ताको आन्तरीक लेखापरीक्षण गरी तपशिल वमोजिम देखिएका व्यहोराहरु उल्लेख गर्दै प्रतिवेदन पेश गरिएको छ ।

**तपसिल**

**क) समग्र आर्थिक अवस्था सम्बन्धि विवरण**

| | खाता, शिर्षक, कार्यक्रम | गत आ.ब को अ.ल्या | चालु आ.ब को बजेट | निकाशा | ट्रान्सफर | पेश्की | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | पोखरा महानगरपालिका कोष खाता | १,३५,७८,४१,०६९।३९ | ६,२७,७५,००,०००। | १,३८,६६,५६,९८०।३० | | | |

**<u>दोस्रो त्रमासिक सम्मको कोषको अवस्था</u>**

| क.स | स्रोत | वर्षिक अनुमानित आय | पहिलो त्रैमासिक सर्म्मको अ.ल्या. | दोस्रो त्रैमासिक सर्म्मको अ.ल्या. | आम्दानी/निकासा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार समनिकरण अनुदान | ६२,९१,००,०००।- | १५,७२,७५,०००।- | १५,७२,७५,०००।- | १५,७२,७५,०००।- | |
| २ | नेपाल सरकार शसर्त अनुदान चालु | १,५७,३१,४०,०००।- | ४९,०३,८४,०००।- | १३,००,००,०००।- | ८१,५३,९४,३३४।- | |
| ३ | नेपाल सरकार शसर्त अनुदान पूँजीगत | ३६,०५,००,०००।- | ० | १,००,००,०००।- | ४,६०,००,००१।- | |
| ४ | नेपाल सरकार विशेष अनुदान पूँजीगत | ३,६१,००,०००।- | ० | १,००,००,०००। | ० | |
| ५ | गण्डकी प्रदेश समनिकरण अनुदान | ८,२८,०४,०००।- | २,०७,०१,०००।- | २,०७,०१,०००।- | २,०७,०१,०००।- | |
| ६ | गण्डकी प्रदेश शसर्त अनुदान चालु | १,४३,००,०००।- | ३०,००,०००।- | ० | ४१,५०,०००।- | |
| ७ | गण्डकी प्रदेश समपुरक अनुदान चालु | ४०,००,०००।- | २०,००,०००।- | ० | ० | |
| ८ | प्रदेश सरकार राजश्व बाँडफाँड | ६,१८,७६,०००।- | | २,०४,७६,७००।- | १,५५,२७,६३७।- | |
| ९ | संघीय सरकार राजश्व बाँडफाँड | ३१,२१,५४,७००।- | ३,१६,४०,४४७।१४ | १२,५७,१५,७९५।४४ | ९,७९,४५,१७१।४३ | |
| १० | आन्तरीक श्रोत (आन्तरीक आय) | ३,२४,९०,६५,३००।- | ४०,४५,५७,१६४।७५ | २५,७९,८६,२२३।०५ | २२,९६,६३,८३६।८७ | |
| | जम्मा | ६,३२,३०,४०,०००।- | १,१०,९५,५७,६११।८९ | ८२,२१,३४,७१८।४९ | १,३८,६६,५६,९८०।३० | |

*वडागत राजश्वको अवस्था : दोस्रो त्रैमासिक*

| *क्र.स.* | *वडा* | *सम्पत्तिकर रु* | *नगदीकर रु* | *जम्मा रु* | *कैफियत* |
|---|---|---|---|---|---|
| १ | नगरकार्यापालिकाको कार्यालय | ८८,५२,९०९।५१ | ९,७६,१७,३९८।५० | १०,६४,७०,३०८।०१ | |
| २ | वडा न. १ | ४,४२,१२७।५० | ६,८७,२५२।२३ | ११,२९,३७९।७३ | |
| ३ | वडा न. २ | ४,५१,१५१।४९ | ८,२६,०७१।७६ | १२,७७,२२३।२५ | |
| ४ | वडा न. ३ | ८,९६,९९७।७६ | ६,९२,०२५।- | १५,८९,०२२।७६ | |
| ५ | वडा न. ४ | ८,७०,५५२।८७ | १५,४०,७४७।७७ | २४,११,३००।६४ | |
| ६ | वडा न. ५ | १३,६६,९२९।८८ | २८,५९,९४३।५८ | ४२,२६,८७३।४६ | |
| ७ | वडा न. ६ | २७,९४,५७६।६८ | ५३,७५,५४४।७४ | ८१,७०,१२१।४२ | |
| ८ | वडा न. ७ | ९,८३,५५९।४८ | १६,७२,०६७।४५ | २६,५४,४२६।९३ | |
| ९ | वडा न. ८ | ४०,६३,३७८।४७ | ५७,९८,४४९।४४ | ९८,६१,८२७।९१ | |
| १० | वडा न. ९ | १९६०६६४।१२ | ३९७३४५८।२१ | ५९३४१२२।३३ | |
| ११ | वडा न. १० | १७,७५,६२७।०१ | ३३,४३,१०८।८१ | ५१,१८,७३५।८२ | |
| १२ | वडा न. ११ | १२,०२,३२१।१७ | २१,०२,६३०।२२ | ३३,०४,९५१।३९ | |
| १३ | वडा न. १२ | ८,११,५५४।४८ | १३,७२,१३६।०८ | २१,८३,६९०।५६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | वडा न. १३ | ११,५३,५८०।६१ | ४६,३१,४३४।४० | ५७,८५,०१५।०१ | |
| १५ | वडा न. १४ | २६,०२,४४३।७० | ६९,८४,००४।५४ | ९५,८६,४४८।२४ | |
| १६ | वडा न. १५ | १७,७९,६९३।१० | ३८,५८,१७४।०४ | ५६,३७,८६७।०५ | |
| १७ | वडा न. १६ | १४,६१,८४८।९९ | २३,९३,७०३।४८ | ३८,५५,५५२।४७ | |
| १८ | वडा न. १७ | ३४,५८,६९७।५५ | १,०१,४४,९३६।७९ | १,३६,०३,६३४।३४ | |
| १९ | वडा न. १८ | ५,८१,०९१।२१ | १७,६८,२८४।८५ | २३,४९,३७६।०६ | |
| २० | वडा न. १९ | ५,९५,३२४।४१ | १९,१३,३०८।८४ | २५,०८,६३३।२५ | |
| २१ | वडा न. २० | २,१२,११०।९५ | ६,२२,७४५।२६ | ८,३४,८५६।२१ | |
| २२ | वडा न. २१ | ४,४०,६६९।- | ११,०७,१८६।३० | १५,४७,८५५।३० | |
| २३ | वडा न. २२ | १,७४,५८३।०१ | ६,६५,५८९।५० | ८,४०,१७२।५१ | |
| २४ | वडा न. २३ | ३,०२,०४७।०८ | ४,३८,९९३।- | ७,४१,०४०।०८ | |
| २५ | वडा न. २४ | २,८७,९४७।४० | ७,४०,०२५।०८ | १०,२७,९७२।४८ | |
| २६ | वडा न. २५ | ९,५५,५२८।१६ | २१,०५,३०५।५६ | ३०,६०,८३३।७२ | |
| २७ | वडा न. २६ | १२,३३,८५८।५९ | ३५,३३,१३६।८७ | ४७,६६,९९५।४६ | |
| २८ | वडा न. २७ | १५,५५,०८५।६५ | ३४,२७,७५६।४६ | ४९,८२,८४२।११ | |
| २९ | वडा न. २८ | २,२३,२३५।७६ | ५,५१,९५८।९० | ७,७५,१९४।६६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | वडा न. २९ | १३,८७,०२७।९२ | १९,५०,३७७।८७ | ३३,३७,४०५।७६ | |
| ३१ | वडा न. ३० | १३,७७,३९५।१६ | २५,१७,०७८।८४ | ३८,९४,४७४।- | |
| ३२ | वडा न. ३१ | ७,६२,१७४।६० | ११,९४,७३५।३७ | १९,५६,९०९।९७ | |
| ३३ | वडा न. ३२ | १२,०७,२५७।५२ | १५,५४,२९५।७५ | २७,६१,५५३।२७ | |
| ३४ | वडा न. ३३ | ४,७२,९८४।८७ | १०,०४,२३५।७४ | १४,७७,२२०।६१ | |
| | | | | | |

**ख) बैक खाताको अवस्था** :

कोष खातामा मौज्दात रु २५,३२,२९,८६२।१२

**ग) धरौटी सम्बन्धि विवरण** :

- कोषमा मौज्दात रु .....                कर दाखिला रु ......

*पोखरा महानगरपालिकाको आ .व.२०७८/०७९ को तेस्रो त्रैमासिक सम्मको आन्तरिक लेखापरीक्षण प्रतिवेदन*

| क्र.सं | गो.भौ. नं. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएका मूख्य व्यहोरा | नियमित गर्नुपर्ने रु. | असुल गर्नुपर्ने रु | पेश्कि रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | |
| कृषि तथा पशु विकास महाशाखा चालू | | | | | | | | |
| १. | ६० | २०७८।११।०८ | जै घाँस बीउ उत्पादक समूह, माछापुच्छ्रे-६, धितालबाट जै घाँस बीउ खरिद गर्दा जिल्ला दररेटभन्दा बढी दरमा खरिद गरिएकाले खरिद कार्यलाई नियमित मान्न नसकिएको ।<br>***परिमाण(के.जी.) खरिद मूल्य जिल्ला दररेट रकम***<br>६४०० ७५ ४५ १९२०००।- | | | | | |
| २ | १७९<br>२०२ | २०७८।११।१८<br>२०७८।१२।१० | बेमौसमी तरकारी खेती तालिम सञ्चालन कार्यक्रममा प्रशिक्षकहरुको कार्यपत्र बापत् भुक्तानी भएको तर देहायबमोजिम रकमको लागी कार्यपत्र पेश नभएकाले अन्तिम लेखापरिक्षणपूर्व कार्यपत्र संलग्न गरि नियमित गर्नुपर्ने देखिन्छ । | | | | | |
| कृषि तथा पशु महाशाखा संघीय सरकारबाट हस्तान्तरित चालू | | | | | | | | |
| १ | २८ | २०७८।१०।२१ | रैथाने बाली प्रवर्द्धन तथा तालिम सञ्चालन कार्यक्रममा प्रशिक्षकहरुको कार्यपत्र बापत् भुक्तानी भएको तर देहायबमोजिम रकमको लागी कार्यपत्र पेश नभएकाले अन्तिम लेखापरिक्षणपूर्व कार्यपत्र संलग्न गरि नियमित गर्नुपर्ने देखिन्छ । | | | | | |
| २ | ४६ | २०७८।१२।२० | अनमोल बीउ प्रा.लि. चितवनबाट ५०% अनुदानको मकैको | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बीउ खरिद गर्दा जिल्ला दररेटभन्दा बढी दरमा खरिद गरिएकाले खरिद कार्यलाई नियमित मान्न नसकिएको।<br>*परिमाण (के.जी.)*   *खरिद मूल्य*   *जिल्ला दररेट*   *रकम*<br>१३५०   १४०   ९०   ३३७५०<br>२०००   १३०   ९०   ४००००<br>**जम्मा**   **७३७५०।-** | | | | | |
| **स्वास्थ्य महाशाखा संघीय सरकारबाट हस्तान्तरित चालू** | | | | | | | | |
| १ | ९१ | २०७८।१२।०२ | विगतमा महशुलको जरिवाना तिरीएमा खर्च गर्ने अधिकारी वाट असुल गर्नुपर्ने भनि म.ले.प ले औंल्याएकोले यस अवधिमा विभिन्न स्वास्थ्य चौकीको विद्युत हर्जना बापतको रकम असुल गर्नुपर्ने देखिन्छ। | | १६२७२।४२ | | | |
| **उपप्रमुखसँग महिला कार्यक्रम** | | | | | | | | |
| १ | उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत उद्यमी महिलालाई सहुलियत दरमा ऋण लगानी कार्यमा व्यवसाय नविकरण नभएका तथा सम्झौतामा हस्ताक्षर नभएकासमेतव्यहोरा देखिएकाले कागजातलाई नियमित /अद्यावधिक गर्नुपर्ने देखिन्छ। | | | | | | | |
| **सामाजिक विकास महाशाखासंघीय सरकारबाट हस्तान्तरीत (चालू)** | | | | | | | | |
| १ | १९ | २०७८।१२।२० | सामी परियोजना कार्यक्रम अन्तर्गत कुम बहादुर गुरुङ्गको यातायात खर्च बुझेको भरपाईमा हस्ताक्षर नरहेकाले नियमित मान्न नसकिएको रु.४००।- | | | | | |
| **शिक्षा महाशाखा चालु** | | | | | | | | |
| १. | ७ | २०७८।६।२१ | युवा परिषद् उपाध्यक्ष हरिवोल गौतमलाई बक्तृत्वकला प्रतियोगीता कार्यक्रम सञ्चालन बापत गरीएको भुक्तानीमा रकम बुझेको भरपाईमा हस्ताक्षर नभएकाले नियमित गर्नुपर्ने देखिएको रकमः<br>• सहभागी यातायात खर्चबापत् जमुना अर्याल, डोलराज शर्मा र प्रेम पोखेललाई रु.३००।- का दरले | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भुक्तानी भएको रु.१२००।-<br>• कार्यक्रम संयोजन बापत् रोशन भट्टराईले रु.१०००।- भुक्तानी लिएकोले संयोजक भत्ता रु.४००।- बाहेकको असुल गर्नुपर्ने देखिएको रु ६००।- | | | | | |
| २ | १० | २०७८।६।२१ | गण्डकी बहिरा संघको दोभाषेका लागी ६ महिनाको तलब भुक्तानीमा सम्झौता पत्रको बुँदा नं ४ मा मासिक रुपमा प्रमाणीत हाजिरी विवरण पेश गर्नुपर्ने कुरा उल्लेख भए पनि सो नभएकाले नियमित गर्नुपर्ने देखिएको रकम रु.१,२०,०००।- | | | | | |
| **वडा न १ चालु** | | | | | | | | |
| १ | | | कार्यालयले खरिद गर्ने विभिन्न सामानहरु स-सानो परीमाणमा खरिद गर्ने तथा सो सामानको मूल्यमा एकरुपता नपाइने समस्या दोहोरिइरहने गरेको देखिएकाले कार्यालयका लागी आवश्यक सामाग्रीहरुको विवरण तयार गरि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको प्रक्रिया पूरा गरी खरिद गर्नुपर्ने देखिन्छ। | | | | | |
| २ | | | कार्यालयमा खरिद गर्ने विभिन्न जिन्सी सामानहरुको निर्धारित म.ले.प फारमहरु भरी खप्ने तथा नखप्ने जिन्सी सामानहरुका लागी छुट्टाछुट्टै जिन्सी नियन्त्रण खाता तयार गरी यथार्थ विवरण अद्यावधिक गर्नुपर्नेमा सो भएको नदेखिएको । | | | | | |
| ३ | | | कार्यालयमा विविध खर्चबाट खाजामा खर्च गरिने रकम पुष्ट्याई नभएको देखिएकाले उक्त खर्चमा मितव्ययिता अपनाउनुपर्ने देखिन्छ। | | | | | |
| **वडानं.१. पूँजीगततर्फ** | | | | | | | | |
| १ | | | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४ अनुसार | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सार्वजनिक निकायले मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धि स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्छ।यस वडा कार्यालयले आवश्यकताको आधारमा सडक बत्तीको परिमाण र गुणस्तर निर्धारण गरी पारदर्शी खरिद विधि अवलम्बन गरी आवश्यकताको पहिचान गरी सोही आधारमा लागत अनुमान तयार गरी सडक बत्ती खरिद तथा सम्पादन गर्नुपर्दछ।वडा कार्यालयले अनुगमन तथा प्राविधिक मूल्याङ्कन वेगर आपूर्तिकर्ताको विलका आधारमा भुक्तानी गर्दा वास्तविक रुपमा कार्य सम्पन्न भए वा नभएको यकिन गर्न नसकिने हुन्छ।यस सम्बन्धमा सम्झौता बमोजिम आपूर्तिकर्ताबाट सडक बत्ती जडान भए वा नभएको तथा विभिन्न व्यक्तिहरुलाई भर्पाई बनाई वितरण भएको सडक बत्ती प्रयोग भए वा नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।म. ले.प. ले औंल्याए वमोजिम सडक वत्ति खरिद गरेको तर ल.ई. एवं कार्य सम्पन्न प्राविधिक प्रतिवेदन संलग्न नराखी गरिएको खर्चलाई नियमित मान्न नसकिएको । | | | | | |
| **वडा नं.२ चालू** | | | | | | | | |
| १ | १० | २०७८।१०।१८ | • मसलन्द तथा कार्यालय सामग्री खरिद बापत आदित्य ट्रेड कन्सर्नलाई ५ जर्कन स्यानीटाइजरका लागी प्रति जर्कन रु.२५००।- का दरले रु.१२५००।- भुक्तानी गर्नुपर्नेमा रु.१७५००।- भुक्तानी गरिएकाले वढी भुक्तानी भएको सो रकम असुल गर्नुपर्ने देखिएको रु.५०००।-<br>• मास्क खरिदमा ८ बक्स मास्कलाई प्रतिबक्स रु.३५०।- का दरले रु.२८००।- भुक्तानी गरिएकोमा जम्मा ५ बक्स मात्र स्टोरमा दाखिला | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गरिएको हुनाले दाखिला नभएका मास्कको असुल गर्नुपर्ने देखिएको रकम रु.१०५०।- | | | | | |
| २ | | | कार्यालयमा विविध खर्चबाट खाजामा खर्च गरिने रकमको पुष्टाई संलग्न नदेखिएकाले उक्त खर्चमा मितव्ययिता अपनाउनुपर्ने देखिन्छ। | | | | | |
| ३ | | | सक्षम आमा तथा दिदीबहिनी समुहले विभिन्न कार्यक्रमहरु गर्दा प्रयोग गरेको प्रोजेक्टर भाडा बापत गरेको भुक्तानीमा रकम बुझेको हस्ताक्षर नभएकाले अन्तिम लेखापरिक्षणपूर्व नियमित गरिसक्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको:<br>**क्र.सं. गो.भौ.नं. मिति नाम भाडा रकम**<br>१ ८१ ०७८।१०।२ अन्जु बराल ४५००।-<br>२ ८२ ०७८।१०।२ बिनाका शर्मा <u>४५००।-</u><br>**जम्मा ९०००।-** | | | | | |
| ४ | १२८ | २०७८।११।३ | लैङ्गिक हिंसा विरुद्धको कार्यक्रममा प्रशिक्षक हरिमाया वाग्लेलाई दोहोरो भत्ता भुक्तानी गरिएकोले नियमित नदेखिएको रकम:<br>प्रशिक्षक बापतको रु.१६००।-<br>संयोजक बापतको <u>रु.४००।-</u><br>**जम्मा रु.२०००।-** | | | | | |
| ५ | १३५ | २०७८।११।८ | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) बमोजिम सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भएमा नियमानुसार लागत अनुमान स्वीकृत गराउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले ग १ ब १२३६ नं को स्कुटर मर्मत बापत धनमाया रानाभाटलाई भुक्तानी गरेको रकम नियमित मान्न नसकिएको रु.९१५०।- | | | | | |
| **वडा नं.२ पूँजीगत** | | | | | | | | |
| १ | ३ | २०७८।११।१५ | मिरुवा रत्नमार्ग ढल स्लाप बाटो निर्माण उपभोक्ता समितीलाई | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यसम्पन्न पश्चात् गरिएको भुक्तानीमा डोर हाजिरी फारममा रकम बुझ्नेको दस्तखत नभएकाले नियमित मान्न नसकिएको रकम रु.३७०५०।- | | | | | |
| २ | ५ | २०७८।११।२६ | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४ अनुसार सार्वजनिक निकायले मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धि स्पेसिफिकेसन, योजना, नक्सा डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्छ।यस वडा कार्यालयले आवश्यकताको आधारमा सडक बत्तीको परिमाण र गुणस्तर निर्धारण गरी पारदर्शी खरिद विधि अवलम्बन गरी आवश्यकताको पहिचान गरी सोही आधारमा लागत अनुमान तयार गरी सडक बत्ती खरिद तथा सम्पादन गर्नुपर्दछ।वडा कार्यालयले अनुगमन तथा प्राविधिक मूल्याङ्कन वेगर आपूर्तिकर्ताको विलका आधारमा भुक्तानी गर्दा वास्तविक रुपमा कार्य सम्पन्न भए वा नभएको यकिन गर्न नसकिने हुन्छ।यस सम्बन्धमा सम्झौता बमोजिम आपूर्तिकर्ताबाट सडक बत्ती जडान भए वा नभएको तथा विभिन्न व्यक्तिहरुलाई भर्पाई बनाई वितरण भएको सडक बत्ती प्रयोग भए वा नभएका सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।म. ले. प. ले औंल्याए वमोजिम सडक वत्ति खरिद गरेको तर ल.ई. एवं कार्य सम्पन्न प्राविधिक प्रतिवेदन संलग्न नराखी गरिएको खर्चलाई नियमित मान्न नसकिएका रु.१९५०३०।- | | | | | |
| ३ | ७ | २०७८।१२।१७ | भूपी मार्ग उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा ॐ निर्माण सामान सप्लायर्सको चलानीबाट भुक्तानी गरिएको तर विल संलग्न नभएकोले नियमित मान्न नसकिएको रु.१८०००।- | | | | | |
| **वडा नं ६ चालू** | | | | | | | | |
| १ | २१ | २०७८।१२।२३ | वडा नं ६ का कर्मचारी, स्वास्थ्य स्वयम् सेविका, वडा प्रतिनिधिहरुको भ्रमण बापत वडा सचिव कुलराज पौड्याललाई | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रु.२४२६६५।- भुक्तानीमाः<br>• विनियोजित रकमभन्दा धेरै रकम विना निर्णय विविध खर्चबाट थप गरी भुक्तानी गरिएकाले नियमित मान्न नसकिएको रु. ४२६६५।-<br>• कार्यक्रमको प्रस्ताव स्वीकृत नभएको तथा भ्रमण प्रतिवेदन संलग्न नभएकोले नियमित गर्नुपर्ने देखिएको। | | | | | |
| २ | | | वडा कार्यालयमा खरिद गरिएका सामानको जिन्सी खाता नै तयार नगरिएको पाइएकोले अनिवार्य रुपमा जिन्सी नियन्त्रण खाता खडा गरि माग फारम,खरिद आदेश तथा दाखिला रिपोर्टको उचित र प्रभावकारी प्रयोग गर्नुपर्ने देखिन्छ। | | | | | |
| ३ | | | वडामा विभिन्न समयमा खरिद गरीएका सामानहरु तथा हुने खर्चहरु सम्बन्धित खर्च खातामा रकम बाँकी हुँदाहुँदै कन्टिन्जेन्सी खाताबाट लगातार खर्च गरेको पाइएकाले जुन शीर्षकको खर्च हो,सोही शिर्षकबाट खर्च गर्नुपर्ने देखिन्छ। | | | | | |
| **वडा नं.६ पूँजीगत** | | | | | | | | |
| १ | | | वडा कार्यालयमा खरिद गरिएका सामानको जिन्सी खाता तयार नगरिएको पाइएकोले अनिवार्य रुपमा जिन्सी नियन्त्रण खाता खडा गरि माग फारम,खरिद आदेश तथा दाखिला रिपोर्टको उचित र प्रभावकारी प्रयोग गर्नुपर्ने देखिन्छ। | | | | | |
| **वडा नं ११ चालू** | | | | | | | | |
| १ | २३ | २०७८।१२।७ | विगतमा महशुलको जरिवाना तिरीएमा खर्च गर्ने अधिकारी वाट असुल गर्नुपर्ने भनि म.ले.प ले औल्याएकोले यस अवधिमा विद्युत हर्जना बापतको रकम असुल गर्नुपर्ने देखिन्छ। | | ५९८१।७४ | | | |
| २ | २१<br>२२ | २०७८।११।२९<br>२०७८।१२।६ | विभिन्न तालिम सञ्चालन कार्यक्रममा प्रशिक्षकहरुको कार्यपत्र बापत् भुक्तानी भएको तर देहायबमोजिम रकमको लागी कार्यपत्र पेश नभएकाले अन्तिम लेखापरिक्षणपूर्व कार्यपत्र | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संलग्न गर्नुपर्ने। | | | | | |
| **वडा नं १३ पूँजीगत** | | | | | | | | |
| १ | ७ | २०७८।१०।४ | कमलपोखरी मार्ग मर्मत योजनालाई लागत अनुमान स्वीकृत नगरिकनै गरिएको भुक्तानीलाई नियमित मान्न नसकिएको रु.१०५२५५।- | | | | | |
| **वडा नं.१६ चालू** | | | | | | | | |
| १ | ५२ | २०७८।१२।३० | विगतमा महशुलको जरिवाना तिरीएमा खर्च गर्ने अधिकारी वाट असुल गर्नुपर्ने भनि म.ले.प ल औल्याएको विद्युत हर्जना बापतको रकम असुल गर्नुपर्ने देखिन्छ। | | २२५३।७३ | | | |
| **वडा नं.१६ पूँजीगत** | | | | | | | | |
| १ | २० | २०७८।१२।७ | बराह हार्डवेयर्स सेनेटरी एण्ड इलेक्ट्रिकल्सलाई चलानी बिलमार्फत भुक्तानी गरिएकाले रकमलाई नियमित मान्न नसकिएको रु.१५०००।- | | | | | |
| **वडा नं.१९ चालू** | | | | | | | | |
| १ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(१) बमोजिम सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भएमा नियमानुसार मर्मत आदेश लिई लागत अनुमान स्वीकृत गराउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले मोटर साईकल, मेसिनरी सामानहरुको मर्मत बापत विभिन्न फर्महरुलाई गरेको भुक्तानीमा आवश्यक पुष्ट्याईंका कागजात संलग्न राखि नियमित गर्नुपर्ने देखिन्छः<br>**क्र.सं. गो.भौ.नं. मिति भुक्तानी लिने रकम रु.**<br>१ ६३ ०७८।१०।४ चुरीयमाई मो.सा.अटो वर्कसप १०१५०।-<br>२ ७९ ०७८।११।२६ R.M. Electronics & Computer Service <u>२२९००।-</u><br>**जम्मा ३३०५०।-** | | | | | | | |
| | | | | | | | | |
| **वडा नं.२० चालू** | | | | | | | | |
| १ | २ | २०७८।११।१२ | निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालनबापत गरिएको | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भुक्तानीमाः<br>• कञ्चन प्रिन्टलाई प्रस्ताव र प्रतिवेदन प्रिन्ट बापत रु. २०००।- भुक्तानी दिइएकोमा प्रिन्ट मूल्य अस्वभाविक देखिएको,प्रस्ताव वापत भुक्तानी दिन नमिल्ने साथै प्रतिवेदन संलग्न नरहेकाले असुल गर्नुपर्ने देखिएको रकम रु.२०००।-<br>• कार्यक्रममा उपस्थिति नरहेको,कार्यक्रम कहाँ सञ्चालन भएको बारे स्पष्ट नभएको,गाडी भाडा बापत समेत भुक्तानी गरिएकाले कति दिनको लागी गाडी भाडामा लिइएको हो,स्पष्ट नभएको,<br>• रु.१८५०००।- औषधी खरिदका लागी भुक्तानी भएकोमा दररेट स्पष्ट नरहेको साथै औषधीमा पाउनुपर्ने छुट रकम प्राप्त नगरेको देखिन्छ।<br>• पुष्पराज अधिकारीको रु.२५००।- र भुमिनाथ पौडेलको रु.३८२।५०को भत्ता बुझेको भरपाईमा हस्ताक्षर नभएको देखिन्छ। | | | | | |
| २ | ३ | २०७८।११।१३ | दलित आर्थिक विकास सम्बन्धी कुखुरा पालन कार्यक्रम वडा कार्यालयको सभाहलमा सञ्चालन भएको भए तापनि ७८० गोटा चल्ला र २३४ के.जी. दाना ढुवानी बापत गाडी भाडाको लागी भनि ग१ज ६६९८ लाई रु.१००००।- भुक्तानी गरिएको देखिएकाले उक्त भुक्तानीलाई विश्वसनीय मान्न सकिएन। | | | | | |
| ३ | ६ | २०७८।११।३० | जि.एम्.एस्. ट्रेडर्सलाई प्रति हेलमेट रु ७५००।- का दरले २ वटा हेल्मेट खरिद बापत गरिएको भुक्तानीलाई मितव्ययीता अपनाएका मान्न नसकिएको रु.१५०००।- | | | | | |
| ४ | ७ | २०७८।११।३० | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) बमोजिम सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भएमा नियमानुसार लागत अनुमान स्वीकृत गराउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले ग १ ब ५३२ नं को सवारी मर्मत बापत किशोर अटो वर्कसपलाई भुक्तानी गरेको रकम नियमित मान्न नसकिएको | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रु.१०३५०।- | | | | | |
| ५ | १३ | २०७८।१२।२ | फर्निचर खरिद बापत सिटिजन फर्निचर ट्रेड लिङ्कलाई गरेको भुक्तानीका लागी आवश्यक विल,भरपाई साथै पुष्ट्याईंका कागजात संलग्न नभएकाले नियमित मान्न नसकिएको रकम रु.३४३१४।- | | | | | |
| ५ | | | वडा कार्यालयमा हुने खाजा बापतको खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ। | | | | | |

## *नगरकार्यपालिका चालु*

| क्र. सं | गो.भौ. नं. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएका मूख्य ब्यहोरा | नियमित गर्नुपर्ने रु. | असुल गर्नुपर्ने रु | पेशिक रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | | | विभिन्न मितिका विभिन्न समितिका बैठक भत्ता भुक्तानीमा समितिमा को को रहेको, कुन कुन मितिका बैठक बाट के के निर्णय भएको माइन्यूट नभएको साथै रकम बुझेको भरपाईमा दस्तखत समेत नभएको हुँदा नियमित मान्न नसकिएको ।<br>***गौ भौ न मिति रकम***<br>४४८ ०७८/१०/२४ रु १२६०००।-<br>४४९ ०७८/१०/२४ रु ९९०००।-<br>**जम्मा रु २२५०००।-** | | | | | |
| २. | | | होटल शुभकामनालाई विविध खर्च शिर्षक बाट विल रकम भन्दा वढी भुक्तानी भएको हुँदा निम्नानुसारका गो भौ न को नपुग रकमको बिल अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने देखिन्छ ।<br><br>***गौ भौ न मिति रकम***<br>५४७ ०७८/१२/०१ रु ३४४५७५।- | | | | | |
| ३. | | | कार्यालयको विविध खर्च शिर्षक बाट प्रमुख प्रशासकिय अधिकृत श्री महेश बरालको क्वाटरमा व्यक्तिगत प्रयोजनमा भएको विभिन्न खर्च भुक्तानीलाई नियमित मान्न सकिएन् । जस्तै मासु, | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | साग, दाल, खाद्य सामानः<br>***गौ भौ न मिति रकम***<br>३७८ ०७८/१०/०२ रु २५०९५।-<br>४५३ ०७८/१०/२५ रु ३९२८४।-<br>५०३ ०७८/१०/२५ रु १२७३६१।-<br>**जम्मा रु १९१७४०।-** | | | | | |
| ४. | | | कार्यालयको विभिन्न शाखामा कार्यरत कर्मचारीहरु लाई समय समयमा अतिरिक्त कार्य वापत भनि रकम भुक्तानी भएको तर अतिरिक्त कार्य गर्न कार्यालय प्रमुखबाट सो प्रस्ताव स्वीकृत नभएको, हाजिरी संलग्न नरहने गरेको, कार्यको प्रतिवेदन/पुष्ट्याई संलग्न नभएको, रकम बुझेको भरपाईमा सवैको दस्तखत नभएको हुँदा निम्नानुसारको रकमलाई नियमितता मान्न सकिएन् ।<br>***गौ भौ न मिति रकम***<br>६११ ०७८/१२/२१ रु ९४५००।- | | | | | |
| ५. | ५५९ | २०७८/१२/०६ | कन्चन प्रिन्टर्सलाई कार्यालयमा आवश्यक छपाई र मसलन्द वापत भुक्तानी भएको रकमको आवश्यक विल भरपाई संलग्न नरहेको हुँदा नियमित मान्न नसकिएको रु २४०५११।- | | | | | |
| ६. | १३९ | २०७८/०७/१५ | कार्यालयका लागि आवश्यक मसलन्द तथा स्टेस्नरी सामाग्री खरिदको लागि Winner Traders Concern वोलपत्र मुल्याङ्कन बाट छनौट भएको तर पटक पटक टुक्रा टुक्रा गरि विनर ट्रेडर्स कन्सर्न वाट सामान खरिद गरिएको निम्नानुसारको खर्च लाई नियमित मान्न सकिएन ।<br>***गौ भौ न मिति रकम***<br>५९६ ०७८/१२/१७ रु २२६१२४।-<br>६१३ ०७८/१२/२४ रु २२६०२८।-<br>**जम्मा रु ४५२१५२।-** | | | | | |
| ७. | | २०७८/०७/१७ | कार्यालयमा गाडी उपलब्ध हुँदा हुँदै विभिन्न समयमा निजी क्षेत्र बाट गाडी भाडा सम्झौता गरि रकम भुक्तानी भएको हुँदा कार्य प्रयोजनको पुष्ट्याई नभएको हुँदा निम्नानुसारको रकमलाई नियमित मान्न सकिएन ।<br>***गौ भौ न मिति रकम***<br>५४१ ०७८/११/२५ रु १६९५०।-<br>५९३ ०७८/१२/०७ रु ११२४३५।- | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **जम्मा** **रु १२९३८५।-** | | | | | |
| ८. | १६७ | ०७८/०७/१७ | विगतको म.ले.प. प्रतिवेदनले तोकिएको सदस्य वाहेकका कर्मचारीलाई दिएको भत्ता भुक्तानीलाई नियमित मान्न नसकिने भनि औल्याएकोले तर विभिन्न महाशाखा, शाखा र वडा कार्यालयहरुको जिन्सी निरीक्षण गर्दा तोकिएको समितिका सदस्य भन्दा बाहिरी कर्मचारीहरुले समेत भत्ता बुझेकोले सो रकम लाई नियमित मान्न नसकिएको ।<br>***गौ भौ न*** ***मिति*** ***रकम***<br>४२३ ०७८/१०/१२ रु ९३५००।<br>४८९ ०७८/११/०५ रु ७१४००।<br>६१४ ०७८/१२/२४ रु ४२०००।<br>**जम्मा** **रु २०६९००।-** | | | | | |
| ९. | ५०३ | ०७८/११/०९ | कार्यालयका सहायकस्तर पाचौ तहको का.स.मु. वापत बैठक भत्ता रकम भुत्तानी पुनरावलोकन समितिमा ३ जना मात्र रहेको तर अन्य कर्मचारीहरुलाई समेत भत्ता भुक्तानी भएको हुँदा उक्त रकमलाई नियमित मान्न नसकिएको रु ४७०००।- साथै भरपाईमा समेत दस्तखत नभएको । | | | | | |
| १०. | ५१० | ०७८/११/०९ | पो.म.न. पा. कार्यालयको टोली धरान महोत्सवमा सहभागी हुँदा गाडी भाडा वापत रु ११८०००।- भुक्तानीमा नियमानुसार लाग्ने भाडाकर रु ९४४०।- कट्टा गर्नुपर्नेमा रु २९५०।- मात्र कट्टा भएको हुँदा कम रकम रु ६४९०।- असुलउपर गर्नुपर्ने देखिन्छ । | | | | | |
| ११. | | | विगतको म.ले.प. प्रतिवेदनमा कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई विभिन्न समयमा जरीवाना रकम समेत भुक्तानी भएको हुँदा निम्नानुसारको रकमलाई नियमित मान्न सकिएन ।<br>***गौ भौ न*** ***मिति*** ***रकम***<br>५२४ ०७८/११/१३ रु २१७३९।- | | | | | |
| १२ | | | कार्यक्रम भनि विभिन्न मितिमा रकम भुक्तानी भएको तर के कार्यक्रम भएको नखुलेको साथै क कसको उपस्थित रहेको थियो सोको उपस्थित रेकर्ड संलग्न नरहेको हुँदा निम्नानुसारको रकमलाई नियमित गर्नुपर्ने देखिन्छ ।<br>***गौ भौ न*** ***मिति*** ***रकम***<br>५३३ ०७८/११/१८ रु ३६०००।-<br>५४० ०७८/११/२० रु ३२३६७।-<br>**जम्मा** **रु ६८३६७।-** | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३. | | | भ्रमण खर्च नियमावली २०६४ को नियम २१ म भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण गरे पछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसोनिय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणलीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । देहाय बमोजिमका भौचरहरु बाट गरिएको दैनिक भ्रमण भत्ता भुक्तानीको लागि उद्धेश्य स्पष्ट रुपमा खुलेको भ्रमण प्रतिवेदन पेश गरि नियमित गर्नुपर्ने ।<br>४१९, ५०१, ५३०, ५४६, ५५०, ५७६, ४५४, ५४१, | | | | | |
| १४. | | | निम्नानुसारका गौश्वारा भौचर संलग्न नरहेको हुँदा अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै संलग्न राख्नु पर्ने अन्यथा सो भौचरमा भएको रकम असुलउपर गर्नुपर्ने देखिन्छ ।<br>४२१, ४२४, ४९३, ४९४, ४८०, ५४२, ५०५, ६०२, ५११, ५१८ | | | | | |
| १५. | | | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) वमोजिम कार्यालयमा नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैकि रुमा बैक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरि ७ दिन भित्र बैक दालिा गर्नुपर्ने व्यवस्था भएकोमा महानगर अन्तर्गत का वडाहरुले कतिपयले १५ दिन वा मासिक रुपमा दाखिला गर्ने गरेको देखिन्छ । | | | | | |
| १६. | | | निजामती सेवा ऐन २०४९ को दफा ७ (२) (ख) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा सो नगरि खर्च लेखेको पाइन्छ । | | | | | |
| १७. | | | कार्यालयले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरेको देखियो । साथै विषयगत कार्यालय तथा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरि कार्यालयले मूल जिन्सी खाता अद्यावधिक गरेको देखिदैन । | | | | | |
| १८. | | | ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टेजेन्सी खाता राखेको नदेखिएको । | | | | | |
| १९. | | | स्थानीय तहले निमार्ण व्यवसायि तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निमार्ण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण गरेको पाइएन् । | | | | | |
| २०. | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्र आफुले निमार्ण रेखदेख वा | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सञ्चालन गरेको हाट बजार, पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग बापत बहाल बिरौटी शुलक लगाउने व्यवस्था छ । यस कार्यालयको राष्ट्र बैक चोक, महेन्द्रपुल, मालपोत कार्यालय अगाडी आवदिका सटरहरु भाडामा दिएकोमा सम्झौता अनुसार भाडा असुल नगरेको देखिन्छ । | | | | | |
| २१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३२ वमोजिम आन्तरीक नियन्त्रण समिति वन्नु पर्नेमा यस महानगरपालिकामा सो समिति गठन भएको तर क्रियाशिल भएको नदेखिएको । | | | | | |
| २२. | | | मानिपाल शिक्षण अस्पतालको आ.ब २०७७०७८ सम्मको बांकी कर वक्यौता रकम एवं नियमानुसार लाग्ने जरीवाना समेत अशुल गर्नुपर्ने देखिएको तर सो रकम र सो पछिको पनि राजश्व रकम दाखिला नभएकोले सो असुल गर्नु पर्ने देखिन्छ । | | | | | |
| २३. | | | पर्यटकिय नगरी पोखराका बिभिन्न सार्वजनिक स्थलहरु महेन्द्रगुफा, पातले छाँगो, गुप्तेश्वर गुफा, बिभिन्न तालहरु लगाएतको स्थानीय सुका् सञ्चालन ऐन वमोजिम परिचालन गरी आय आर्जन गर्नुपर्ने देखिन्छ । उक्त सम्पादाहरु सार्वजनिक सम्पक्ती भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ (२) विपरित सार्वजनिक निजी साझेदारीको नाउँमा ३५-४० वर्षलाई निजी क्षेत्रलाई लिजमा दिन मिल्ने देखिदैन । तसर्थ ऐनको परिधि भित्र रही रहने गरी यस महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्वन्धी कानून समेत परिमार्जन गर्नुपर्ने देखिन्छ । | | | | | |
| २४. | | | पोखरा महानगरपालिका क्षेत्रको फोहरमैला व्यबस्थापन कुनै प्रतिस्पर्धा बिना ठेक्कमा लागएकोले उक्त कार्य नियमित नभएकोले प्रतिस्पर्धात्मक बिधिबाट व्यबस्थापन गर्नुपर्ने देखिन्छ । | | | | | |
| २५. | | | पार्किङ्ग व्यबस्थापन : करका दर वढाएर विगतमा उठेको भन्दा वढी राजश्व उठ्ने गरी पाकिङ्ग ठेक्का व्यवस्थापन भएको पाइएन । | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६. | | | घाटको परिचालन : पोखरा महानगरपालिका क्षेत्रका बिभिन्न घाटहरुको परिचालन निश्चित समयका लागि वडा कार्यालयहरु मार्फत भएको तर स्थलगत रुपमा रसिद जारी गर्दा पारदर्शि नभएकोले थप कडाई एवं पारदर्शि हुने किसिमले राजश्व असुल व्यवस्थापन गर्नुपर्ने देखिन्छ । साथै संघीय सरकारको निर्देशन विपरीत श्रावण आश्विनमा घाट उत्खनन भएको देखिन्छ । | | | | | |
| २७. | | | सार्वजनिक खरिद प्रक्रिया तथा निर्णयलाई खुल्ला पारदर्शी, वस्तुनिष्ठ र विश्वसनिय वनाउन सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेयिता र विश्सनियता प्रर्वदन हुने गरि खरिद कार्य गर्नुपर्ने व्यहोरा सार्वजनिक खरिद ऐनको प्रस्तावना समेतमा उल्लेख भएकोले मितव्यियी तथा विवेक पूर्ण ढङ्गग वाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने खरिद कार्य गर्नुपर्ने रहेको देखिन्छ तर विधायिकि मनसाय विपरित कार्यालयमा सिधै खरिद गरिएका सामानको दररेट वोलपत्र मार्फत गरिएको खरिदको दररेट भन्दा उच्च हुने गरेको देखिएकोले सो प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । | | | | | |
| २८. | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४(१) वमोजिम गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्तनीयस्तरको विकासका लागि आवधिक, वार्षिक विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । सोही अनुरुप महानगरपासलकाको वार्षिक योजनाहरु बीच tie-up गर्ने व्यवस्था प्रचावकारी रुपमा अवलम्वन गरेको पाइएन तसर्थ उक्त व्यवस्था वमोजिम योजना व्यवस्थापन मिलाउनु पर्ने देखिन्छ । | | | | | |
| २९. | | | हाल सम्मको वकौता रकमको अभिलेख, वेरुजु अभिलेख खाता तयार भएको देखिएन् तसर्थ उक्त अभिलेख तयारी गरी असुली कारवाही अगाडी वढाउनु पर्ने देखिन्छ । | | | | | |
| ३०. | | | सम्पत्तिकर तर्फ भाटभटेनी, अन्नपूर्ण, विशालवजार, ट्रेड मल समेतका सुपरमार्केट/मार्ट साथै फूलवारी साग्रीला, कान्तिपुर ग्राण्ड पाम रिसोर्ट, वाटरफन्ट, हिमालयन, माउन्ट ग्लोरी लगायतका होटल/वजार एवं महेन्द्रपल, न्यूरोड, लेकसाइडका मुख्य premises को हरेक वर्ष लाग्ने कर मूल्याङ्कन गर्न छड्के जाँच/विज्ञ वाट जाँच गराउन उपयुक्त हुने साथै | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | तिनीहरुको करको लगत र असुलीको अभिलेख राख्ने गरि tracking & internal control पद्दती वसाउन सकेमा राजश्व असुलीमा प्रभावकारीता आउन सक्ने देखिन्छ तर सो व्यवस्था गरेको पाइएन । | | | | | |
| ३१. | | | सवै महाशाखा, शाखाहरुलाई श्रेस्ता आ.ले.प. गराउन आ.ले.प. कार्य तालिकाको उपलव्ध गराइएको तर सो अनुरुप श्रेस्ता तयार गर्ने, श्रेस्ता पेश गर्ने आ.ले.प. गराउन महाशाख शाखाहरु वाट तदारुपता देखिएको पाइएन् । पटक पटक ताकेता गर्दा समेत आ.ले.प. गर्न सहज हुन सकेन । | | | | | |